# प्रदेश लोक सेवा आयोग

## बागमती प्रदेश, हेटौडा

### सूचीकृत हुने सम्बन्धी सूचना

सूचना नं. २/०७७-०७८

(प्रथम पटक प्रकाशित मितिः २०७७/०५/०६)

यस आयोगका लागि **PSRMS** (Public Service Recruitment Management System) को Online System सम्बन्धी सफ्टवेयर निर्माण गराउनु पर्ने भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३० बमोजिम सूचीकृत हुन फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र, व्यवसाय दर्ताको इजाजत प्राप्त इच्छुक फर्म, संस्था वा कम्पनीहरूबाट देहाय बमोजिमको सर्तहरूको अधिनमा रही रितपूर्वकको निवेदन १५ दिन (मिति २०७७ भाद्र २१ गते) भित्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

१. चालु आ.व. को लागि नवीकरण भएको फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र, व्यवसाय दर्ताको इजाजतपत्र, स्थायी लेखा दर्ता प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्र एवम् आ.व. २०७५/०७६ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखित रूपमा गरेको घोषणा पत्रहरू संलग्न राखी लिखित निवेदन गर्न सकिने छ।

२. फर्म, संस्था वा कम्पनीले आफूसँग भएको अनुभव, कार्यगत प्रगति र PSRMS सम्बन्धी क्षेत्रमा गरेका कार्यहरूको विवरण।

३. फर्म, संस्था वा कम्पनीले विगत ७(सात) वर्षमा सम्पन्न गरेको समान प्रकृतिको काम र स्थानको बिवरण।

४. PSRMS सम्बन्धी सफ्टवेयर सम्बन्धी कार्यमा संलग्न भई कार्य गरेको जनशक्तिको शैक्षिक योग्यता, संस्थागत कार्य अनुभव र संस्थागत कार्य क्षमताको बिवरण देहायको ढाँचामा कागजातहरू पठाउनु पर्ने।

| |
|---|
| **क) मुख्य जनशक्तिको शैक्षिक योग्यताः** |
| Project Manager: |
| System Analyst: |
| Database Expert: |
| Developers: |
| **ख) संस्थागत कार्य अनुभवः** |
| ७ वर्ष वा सो भन्दा माथिः |
| ७ वर्ष भन्दा कमः |
| **ग) संस्थागत कार्य क्षमताः** |
| PSRMS सम्बन्धी काम गरेकोः |
| Online Application System सम्बन्धी काम गरेकोः |
| कालो सूचीमा नपरेकोः |
| कालो सूचीमा परी फुकुवा भएकोः |